# 'समृद्ध र विकसित नेपाल देखेरै मर्छु'

मलाई मन पर्ने देश त नेपाल नै हो । "रिटायर्ड लाइफ" चाहिं एउटा सानो गाउँमा आनन्दसंग बस्न पाए क्या मज्जा हुन्थ्यो ।

**नेपालका प्रतिष्ठित उद्योगपति वसन्तकुमार चौधरीको परिचय अहिले पुनः खोतल्नु बेकार छ । कारण, उनको 'सिभी' अटाउन मात्रै एउटा पुस्तक जरुरी हुन सक्छ । ५१ वर्षीय चौधरीको परिवार एकसय १५ वर्षदेखि व्यवसायमा संलग्न छ । उनका पिता लुनकरण दास चौधरीले ५० वर्षअघि रत्न स्टेनलेस् स्टिल खोलेर व्यवसाय शुरु गरेका थिए । 'चौधरी समूह' मा अहिले ४० भन्दा बढि कम्पनी छन् र चार हजारलाई रोजगारी मिलेको छ । चौधरी ग्रुपको वार्षिक 'टर्नओभर' २ सय ५० मिलियन अमेरिकी डलर छ ।**

**उनी व्यवसायमा मात्र सिमित छैनन्, गीत संगीतमा उनलाई बडो सोख छ । उनका तीन गीिति संग्रह रिफ्लेक्सन अफ लभ, माया बल्भ्रेछ र तिम्रो नाममा सार्वजनिक भइसकेका छन् । कविता संग्रह 'मेघा' र दुई पुस्तक संवाद एवं राष्ट्रियता नदुखोस् पनि उनका अन्य प्रकाशित कृति हुन् ।**

**नर्भिक इन्टरनेशनल हस्पिटलका अध्यक्ष चौधरी दुई वर्षदेखि मोरक्कोको अवैतनिक महावाणिज्यदुत समेत छन् । आम्स्टर्डममा अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिएर फर्किने क्रममा लन्डन आइपुग्दा युरोपको नेपालीपत्रका लागि सम्पादक नवीन पोखरेलले गरेको कुराकानीको सारांश प्रस्तुत छः**

***आम्स्टर्डम भ्रमणाको मुख्य उद्देश्य के थियो ?***

खासगरि न्युट्रिशन क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय संस्था 'ग्लोवल एलायन्स् फर इनोभेटिभ न्युट्रिशन गेन' ले गरेको अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन गएको थिएँ । सम्मेलनमा प्रत्येक वर्ष विश्वभरबाट 'न्युट्रिशन' क्षेत्रका मान्छे सहभागी हुने गर्छन् । नेपालबाट म एक्लो थिएँ । 'कर्पोरेट सोसिएल रेस्पोन्स्विलिटी' को हिसावले भनौं वा स्कुले केटाकेटीका लागि खाजाको रुपमा लोकप्रिय सर्वोत्तम पिठो उत्पादकको हिसावले मलाई सहभागिताको मौका जुरेको हो । 'फुड फर एजुकेशन' भन्ने वेलफेयर प्रोग्राम छ, त्यसका लागि हामी सर्वोत्तम पिठो उत्पादन गर्छौं ।

***सम्मेलनबाट के सिकेर आउनुभयो त ?***

सिक्ने भन्दा पनि सम्मेलनमा सहभागी विश्वभरका करिब दुईसय 'डेलिगेट्स' बीच अनुभव आदानप्रदान भयो । 'बटम अफ दि पिरामिड' (विओपी) भन्छ । कुपोषणको समस्या बिओपीमै छ, आफ्नो बढि भन्दा बढि 'एफोर्ट' कसरी पुऱ्याउने र उनीहरुले बिओपिलाई कसरी योगदान गरिरहेका छन् भन्नेबारे छलफल भयो । नेपालमा धेरै ठूलो समस्या छ कुपोषणको, करिब ५० प्रतिशत बालबालिका यसको शिकार छन् ।

***सर्वसाधारणले तपाईंलाई के भनेर चिन्ने ?***

म उद्योगपति भनेर चिनाउन चाहँदै चाँहदिन । तर, मान्छेहरु अझ पनि 'क्रस प्रोफेसन' स्वीकार्न गाऱ्हो मान्दारहेछन् । एउटा उद्योगपति कसरी सिर्जनाकार हुन सक्छ भन्ने छ कतिलाई । मेरो भनाई के भने उद्योगपतिको उद्योग गर्ने उसको पेशा भएपनि ऊ सामान्य प्राणी नै हो । ऊभित्र पनि त्यही भावना छ, उसको मुटु पनि धड्किन्छ ।

***अहिले लगानीको वातावरण बनेको हो नेपालमा ?***

हामी त्यहाँ जति मेहनत गर्छौं नि, बाहिर गयो भने ५/१० गुणा बढि हुन्थ्यो होला । त्यही भएर पनि धेरै मान्छे बाहिर गइसके नि । नेपालबाट 'ब्रेन ड्रेन' मात्र भएको छैन, पैसा त गइसक्यो नि ।

तर, मेरो हकमा म त्यही जन्में, त्यही हुर्कें । त्यो नाम मलाई मेरो देशले दिएको हो । आज मुलुकमा अलिकति बेथिति छ, समस्या छ भनेर म मुलुक छोडेर गएँ भने अरु र म मा के फरक भयो त ?

***तपाईंले कतिलाई रोजगारी दिइरहनुभएको छ ?***

चौधरी ग्रुप हामी तीन दाजुभाईको कम्पनी हो । 'डाइरेक्ट इम्प्लोयमेन्ट' अर्थात 'पे रोल' मा ४ हजार बढि काम गर्छन् । करिब १५ सय त मेरो अन्डरमा मात्र छन् ।

***तपाईं गर्व साथ भन्नुहोस्, सरकारलाई वार्षिक कति राजश्व तिर्नुहुन्छ ?***

मैले 'फिगर' भन्नु भन्दा पनि म इमान्दारीपूर्वक कर तिर्छु । म कर छल्दिन भन्ने कुरामा शतप्रतिशत विश्वस्त छु ।

***तपाई अलिक विद्रोही उद्योगपति भन्छन् नि । यस कारण कि नेपाली उद्योग व्यवसायीहरुको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघमा किन अट्न सक्नुभएन ?***

विद्रोही त म भन्दिन । के मात्र हो भने संगठनमा बसेर कम्युनिटीका लागि गर्ने हो । पोजिसन आफ्नै लाभका लागि प्रयोग गर्ने होइन । मेरो सैद्धान्तिक मतभेद भन्या नै हामी चाहे राजनीतिमा होस्, चाहे कुनै पब्लिक सेक्टरमा वा कुनै प्रोफेशनल अर्गनाइजेशनमा, हामी पोजिसनमा बसिसकेपछि आफ्नो फाइदाका लागि मात्र गर्छौं ।

***धेरै उद्योग व्यवसायी राज्यप्रति उत्तरदायी भएनन् भन्ने आरोप छ नि ?***

होलान् कति । नेपालको राजनीति नै यस्तो छ भन्ने कुरा पनि आउला । तर, हरेक कुराको दोष राजनीतिलाई मात्र दिएर हुन्न । मुलुकलाई आगामी दश वर्षमा यहाँ सम्म गर्छु भन्ने प्रतिवद्धता पनि त हुनुपऱ्यो नि ।

***गैर आवासीय नेपालीलाई पनि स्वदेशमा लगानी गर् भनेर सरकार अनुनय गरिरहेको छ । तपाईंलाई कस्तो लाग्छ ?***

वास्तवमा गैर आवासीय नेपाली लगानी गर्न इच्छुक हुन् भने त स्वागत छ नि । लगानी कहींबाट कुनै पनि मुलुकमा भित्रनु भन्या राम्रो हो । तर, कुरामा मात्र सिमित भएर त हुन्न नि ।

***राज्यबाट तपाईंहरुलाई कत्तिको प्रोत्साहन छ ?***

राज्यले त कुनै पनि क्षेत्रलाई प्राथमिकता दिएको छैन । द्वन्द्व अघि र पछि पनि राज्य आफैं समस्याको यति दलदलमा छ कि ऊ अरुतिर सोच्नै भ्याएको छैन । शक्तिमा जो आउँछन्, उनीहरुलाई आफ्नै पद र पैसाको लोभ छ ।

***विश्वभरका एकअर्व हिन्दुहरुको आस्थाको थलो पशुपति क्षेत्र विकासका लागि तपाईंले सारेको गुरुयोजना त असफल भयो नि ?***

०५७ सालमा म पशुपति क्षेत्र विकास कोषमा छिरेको थिएँ । मैले सारा चुनौती बेहोरेर ५ वर्ष त्यहाँ काम गर्दा ६० प्रतिशत काम सम्पन्न गरें । मन्दिर वरपरका ११७ घर भत्काउनु नै सबभन्दा ठूलो च्यालेन्ज थियो । एक वर्षसम्म त मलाई धेरै धम्की आए, व्यक्तिगत गाली गलौज पनि भए ।

पूर्वाधारमात्र विकास गरेर भएन, सिस्टम डेभलप हुनुपर्ने थियो । मान्छेको दिमागमा परिवर्तन आउनुपर्ने थियो । भेटीको 'इस्यु' अहिले पनि आइरहेको छ, त्यसलाई संस्थागत गर्ने थियो । तर, राज्यले नै साथ नदिएपछि मैले गर्न सकिन ।

***तपाईंको रुचि राजनीतिमा पनि छ है ?***

**म उद्योगपति भनेर चिनाउन चाहंदै चाँहदिन । तर, मान्छेहरू अझ पनि 'क्रस प्रोफेसन' स्वीकार्न गाऱ्हो मान्दारहेछन् । एउटा उद्योगपति कसरी सिर्जनाकार हुन सक्छ भन्ने छ कतिलाई । मेरो भनाई के भने उद्योगपतिको उद्योग गर्ने उसको पेशा भएपनि ऊ सामान्य प्राणी नै हो । ऊभित्र पनि त्यही भावना छ, उसको मुटु पनि धड्किन्छ ।**

हामी सामाजिक प्राणी भएकोले कुनै न कुनै रुपमा प्रभाव त हरेक चीजमा पारेको हुन्छ । तर, 'एक्टिभ पोलिटिक्स्' मा जान मैले सोचेको छैन नेपालमा ।

***किन यस्तो वितृष्णा ?***

नेपालमा राजनीतिमा मान्छे लाग्ने भन्या पावर र पैसाका लागि मात्र हो, अरु होइन ।

***यी दुवै आफूलाई जरुरी छैन भन्ने खोज्नुभएको ?***

त्यो जरुरी छैन म भन्दिन । पैसै कमाउने हो भने त अरु गरेर पनि सकिन्छ नि । पैसा कमाउन मैले पोलिटिक्स् गर्नु जरुरी छैन । म राजनीतिमा लाग्ने हो भने देशका लागि लाग्छु ।

***नेताहरुले पैसा मागेर खुब सताउँदा हुन् है ?***

सबैलाई सताउँछन् । त्यो त जहाँ पनि हुन्छ नि । नेपालमा हामी अलिक बढि देख्छौं होला ।

***अहिले कला संगीततिर पनि बढि सक्रिय हुनुहुन्छ नि ?***

१९८९ देखि नै लेख, कविता, गीत डायरीमा टिपोट गर्न शुरु गरेको हुँ । खासमा ९८ देखि चाहिं गीत संगीततिर बढि सक्रिय छु । कयौं पत्रपत्रिकामा पोलिटिकल सोसिएल दुवै इस्युमा स्तम्भ पनि लेखें । ९८ मा पहिलो एल्बम 'माया बल्भिएछ' निस्कियो ।

***गीत लेख्न के ले प्रेरित गर्छ ?***

प्रकृति, सौन्दर्य अनि भोगाई ।

***शान्ति लुकाउँ कहाँ...गीत त खुब हिट भयो है ?***

धेरै लोकप्रिय भइरहेको छ । एफएम, टिभी तिर टपटेनमा बजिरहेको छ, खुशी लाग्छ ।

***तपाईंलाई नाम, दाम पक्कै जरुरी थिएन । के कारण गीत संगीत ले तान्यो ?***

मान्छेले आफ्नो 'प्यासन' कै लागि हो गर्ने भन्या । कसैलाई पैसा कमाउने 'प्यासन' हुन्छ, कसैलाई धर्म कर्ममा लागेर सारा चीज त्याग्ने 'प्यासन' हुन्छ । मेरो सवालमा 'इनर पिस', 'इनर स्याटिसफ्याक्शन' नै प्रमुख हो ।

***तपाईंका शान्तिले ओतप्रोत गीत लेख्नुहुन्छ । मुलुकमा अशान्त बढिरहँदा कस्तो महशुस हुन्छ ?***

आम मानिसले खोज्ने भनेकै शान्तिपूर्वक बस्न पाउने वातावरण, शान्तिपूर्वक आफ्नो जीवनयापन र परिवार, बालबच्चा निर्भयपूर्वक बाँच्न पाउन् भन्ने हो । राज्यले जब यी चीज दिन सक्दैन भने हामी शान्तिको कामना गर्नु बाहेक अरु केही गर्न पनि त सक्दैनौं ।

***तपाईं व्यस्त उद्योगपति । सिर्जनामा समय कसरी मिलाइरहनुभएको छ ?***

'प्यासन' का लागि समय बाधक हुँदैन । कति समय दिने भन्ने एउटा 'टाइम म्यानेजमेन्ट' त हो नि । फेरि सृजना भन्या कुरा जुन टाइममा मन लाग्यो त्यो बेला सम्भव पनि छैन नि ।

***नर्भिक अस्पताल बन्नुको पछाडि तपाईं आफैं विरामी हुनु थियो । गीत संगीतमा चाहिं कसको प्रेरणा छ ?***

त्यस्तो त केही होइन । म धेरै इमोसनल, सेन्टिमेन्टल खालको मान्छे हुँ । गाउन, पढ्न मलाई रमाइलो लाग्छ ।

***पत्रिका पनि निकाल्नु भयो है ?***

१९८४ मा इन्डिया टुडे शुरु भएको बेला त्यही ताका नेपालमा 'द रियम' भन्ने रंगीन पत्रिका शुरु गरें । तर समय जटिल थियो, सरकार नै हाम्रो विरुद्ध लाग्यो । विजनेशमा कान निमोथ्न थालेपछि मैले बन्द गरें । पछि गसिप फिल्म म्यागेजिन 'उर्वशी' तिर लागें । उर्वशी निकालेपछि ०४५ सालमा नेपालमा राजनीतिक परिवर्तन भयो । त्यसपछि ०४६ मा 'इन्डिपेन्डेन्ट' पत्रिका निकालें ।

***तपाईंको मासिक खर्च बताइदिनुहोस् न ?***

मैले जति कमाउँछु वा मैले जति कमाउने अन्य अरु व्यक्तिहरु जति छन्, उनीहरुले गर्ने खर्च र मैले गर्ने खर्चमा धेरै अन्तर छ । मैले खर्च गर्ने सिर्जनाका कुरामा हो । समाजसेवा वा साहित्य कलाको उत्थानमा गरेका खर्चलाई फजुल मान्ने हो भने झन् बढि छ ।

***जिन्दगीमा तपाईंले गर्न नसकेको कुरा के रह्यो ?***

आफ्नो हिसावले त म सन्तुष्ट छु हेर्नोस् । छोरीको पनि झुकाव छ सृजनामा, विजनेश हेरिरहेकी छ । एकदम केयर गर्ने श्रीमति छिन्, घरलाई स्वर्ग बनाएर राखेकी छिन् । परिवारको हिसावले म पूर्ण सन्तुष्ट छु । मेरो हरेक विजनेशमा कुनै न कुनै 'सोसियल मोटिभ' इन्भल्भ छ । चाहे मैले चलाएको हस्पिटल होस्, चाहे लिटो फ्याक्ट्रीको कुरा । त्यसकारण मलाई अभाव छैन । तर, मेरो देश पनि अरु मुलुक जस्तो समृद्धशाली र विकसित भइदिएको भए हुन्थ्यो भन्ने धोको चाहिं लिएरै मर्छु होला ।

***तपाईं नेपाली विल गेट्स रे नि ?***

म विश्वास गर्दिन् । त्यो संज्ञा नै मलाई घृणा लाग्छ । तपाईं आफैं भन्नुस् मान्छेलाई पैसा कति भए पुग्छ ? धनी त राष्ट्रबैंक छ नि ।

***कुन गाडी चढ्नुहुन्छ ?***

म संग दुईवटा गाडी छ । म आफू चढ्ने टोयोटा क्राउन लिमोजिन २ हजार सिसीको छ । जीप चाहिं टोयोटा ल्याण्ड क्रुजर ।

***के खानुहुन्छ ?***

म शाकाहारी हुं । मलाई 'किङ साइज' ब्रेकफाष्ट चाहिन्छ । लञ्च लिन्न, डिनर हल्का लिन्छु ।

***अझै खुब ह्याण्डसम देखिनुहुन्छ, यसको रहष्य चाहिं के छ ?***

प्रत्यके विहान एकघण्टा हिड्ने गर्छु अनि जगिङ पनि । म मेडिटेशन र पूजाआजा पनि गर्छु, घरमै छ मन्दिर ।

***केटीहरु खुब पिछा गर्दा हुन् है ?***

हा..हा...हा । त्यस्तो हुन्न ।

***तपाईं सफल हुने सुत्र बताइदिनुस् न ?***

यसका लागि विशेषगरि चार कुरा छन् । पहिलोः आफू के गरिरहेको छु थाहा हुनुपऱ्यो । दोश्रो स्ट्र्याट्रेजी, तेश्रो प्लानिङ एण्ड डिभोसन र अन्तिम लुक फर द रिजल्ट एनलाइज । यी अवलम्बन गरेरै म सफल भएको हुँ ।

***अहिलेसम्म विश्वका कति देश घुम्नु भयो ?***

अमेरिकाका केही राज्यदेखि युरोपका सबै भाग पुगेको छु । साउथ अफ्रिका र अष्ट्रेलिया महादेशमध्ये एक दुईवटा देश बाँकी छ, अरु घुमिसकें ।

***तिनमा मन पर्ने देश कुन लाग्यो ?***

वास्तवमा मलाई मन पर्ने देश त नेपाल नै हो । 'रिटायर्ड लाइफ' चाहिं एउटा सानो गाउँमा आनन्दसंग बस्न पाए क्या मज्जा हुन्थ्यो भन्ने कल्पना गर्छु कहिलेकाहीं ।

***युरोप डुल्दा मज्जा गर्नुहुँदो है खुब ?***

मेरो ट्राभलिङ धेरै कम छ तर जब म ट्राभल गर्छु म कम्प्रमाइज गर्दिन् । म 'डिसेन्ट प्लेस' मा बस्न रुचाउँछु ।

***होलिडे प्राय विदेशमै हुन्छ होला है तपाईंको?***

त्यस्तो छैन । विदेश भन्या कामले नै जाने हो ।

